# श्री ज्योति सामुदायिक वन उपभोक्ता समुह

## गढवा गा.पा.-७ मानपुर दाङ (देउखुरी)

दोश्रो पटक प्रकाशन मिति २०८२/०४/२० गते सोमवार

## बोलपत्रद्धारा काठ लिलाम विक्रीको सूचना ।

०८२/०४/२०
अध्यक्ष

यस श्री ज्योति सामुदायिक वन उपभोक्ता समुहको आ व २०८१।०८२ मा उत्पादित सामुदायिक वनको घाटगद्धी स्थल मानपुरमा १ (एक) लट वनाई निम्न परिमाणाको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका वन पैदावरमा आधारित संचालनमा रहेको उद्योगले मात्र यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिकमा प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्रमा वोलपत्र खरिद गरी २२ औं दिनको २:०० वजे सम्ममा शिलवन्दी वोलपत्र दाखिला आह्वान गरिन्छ ।

(१) वन पैदावरको विवरण

| क्र.सं. | लट नं. | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यु.फि.र चट्टा | न्युनतम मुल्य रु. | संकलन खर्च रु. | धाङ नं. | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८१-०८२ | साल | ए | १० | १६४.०५ | २०५०६२.५० | १६८१४२ | २,४,५,६,८ | |
| | | | बी | ३७ | ३७१.४४ | ३३४२९६ | | | |
| | | | सी | १०० | ६५६.८६ | ३९४११६ | | | |
| | | | डी | ४९ | १०१.०५ | ३०३१५ | | | |
| | | **जम्मा** | | १९६ | १२९३.४ | ९६३७८९.५० | | | |
| | | सिसौ | बी | ३८ | ७९.७८ | ३९८९० | १०३७१.४० | | |
| | | साल दाउरा | | | ५.७५ | ६९००० | ६३२५० | | |
| | | सिसौ दाउरा | | | ०.४ | ४८०० | ४४०० | | |
| | | **कुल जम्मा** | | | | १०७७४७९.५० | २४६१६३.४० | | |

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय ।
(क) अन्तिम मिति २०८२/०५/०९ (ख ) समय : कार्यालय समय भित्र । २१ औ दिन सार्वजनिक विदा परेमा २२ औ दिनको शिलवन्दी बोलपत्र दाखिला गर्ने समय भन्दा १ घण्टा अघि सम्ममा बोलपत्र खरिद गरी बोलपत्र दाखिला गर्नु पर्नेछ ।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय
(क) अन्तिम मिति २०८२/०५/१० (ख ) समय : दिनको ठीक २:०० वजे भित्र ।

(४) बोलपत्र फारम लटको रु २००० पछि फिर्ता नहुने गरि तिरी डिभिजन वन कार्यालय दाङ (देउखुरी) र सा.व.उ.स.को कार्यालयवाट खरिद गर्न सकिनेछ । शिलबन्दी बोलपत्र सा.व.उ.स.को कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको शाखा कार्यालय गढवामा रहेको कृषि विकास बैंकको खाता नं. ०९१९३०५२६४२५७०११ मा नगद जम्मा गरेको सक्कलै भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनुपर्ने छ ।

(६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र श्री ज्योति सा.व.उ.स. को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

(७) संघिय वन नियमावली को नियम २५ को उप नियम ३ बमोजिम काठ/दाउरामा आधारित संचालनमा रहेका उद्योगहरु र सोहि नियमावलीको नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत भएका लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित संचालनमा रहेका उद्योगहरुका प्रोप्राईटरहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी ,डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको प्रतिलिपी, सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीत पुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०५/११ गते दिउँसो २.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको अख्तियारवाला पदाधिकारीमा हुनेछ ।

(१२) बोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा सार्वजनिक विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ ।

(१३) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क राख्नु होला ।

(१४) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।